**चौथो संस्करणका कतारी रियाल बैंक नोटहरू सटही गर्नेसम्बन्धी**

**नेपाल राष्ट्र बैंकको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७८/१/७ गते)**

कतारको केन्द्रीय बैंकले निष्काशन गरेका हाल चलनचल्तीमा रहेका चौथो संस्करण (Fourth Edition) का कतारी रियाल बैंक नोटहरू उक्त बैंकले सन् २०२१ जुलाई १ पश्चात् चलनचल्तीबाट हटाउने निर्णय गरेको हुँदा आफूसँग भएका त्यस्ता नोटहरू २०७८ वैशाख २७ गतेभित्र प्रचलित व्यवस्था बमोजिम यस बैंकको बैंकिङ विभाग, बैंकिङ कारोबार गर्ने यस बैंकका प्रदेशस्थित कार्यालयहरू, विदेशी विनिमयको कारोबार गर्न यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, वा परिवर्त्य विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्र प्राप्त मनिचेञ्जरहरूबाट सटही गर्नु/गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ ।

उक्त मितिपश्चात् त्यस्ता बैंक नोटहरू सटही गर्न यस बैंकलगायत इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र मनिचेञ्जरहरू बाध्य नहुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
सम्पर्क व्यक्ति : श्री मनोहर सिवाकोटी, उप-निर्देशक, मोबाईल नं: ९८४३६४५८१८